स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालमा टिकटक बन्द भएपछि यतिबेला देशव्यापी मिश्रित प्रतिक्रिया छ । प्रयोगकर्ता र दलका प्रायः नेता टिकटक बन्दको विरोधमा उत्रिएका छन् । कतिपयले बन्द गर्ने निर्णयप्रति समर्थन जनाएका छन् । अभिनेत्री रेखा थापा समसामयिक मुद्दामा धारणा राख्ने अभिनेत्रीमध्ये पर्छिन् । राप्रपाकी नेतृसमेत रहेकी रेखाले टिकटक बन्दबारे प्रतिक्रिया दिएकी छिन् । रेखाको यो टिप्पणीमा विभिन्न कमेन्ट छन् । रेखाको यो अभिव्यक्ति कतातिर लक्षित हो बुझ्न कठिन छैन ।

**आजको विचार...**



इन्टरनेटको...
(दुई पेजमा)

तेजप्रसाद वाग्ले



महिना दिनमै दुईवटा चलचित्रबाट सफलताको स्वाद पाउने सौभाग्य बिरलै कलाकारले पाउँछन् । अभिनेत्री स्वस्तिमा खड्कालाई भने अहिले त्यस्तै सौभाग्य मिलेको छ । तीन साताको अन्तरमा प्रदर्शनमा आएका उनका दुई वटै चलचित्रले बक्स अफिसमा सुखद् कमाइ गरेका छन् । दशैंको अवसर पारेर कात्तिक ४ गतेबाट प्रदर्शनमा आएको 'पशुपति प्रसाद २ः भस्मे डन'ले घरेलु बक्स अफिसमा ८ करोड हाराहारी कलेक्सन गरेको छ । त्यस्तै, तिहारको अवसर पारेर कात्तिक २४ गतेबाट प्रदर्शनमा आएको चलचित्र 'दिमाग खराब'ले यतिबेला हलमा आक्रामक व्यापार गरिरहेको छ ।

❐ वर्ष २९ ❐ अंक ११० ❐ २०८० मंसिर २ गते शनिबार 18 November 2023, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# टिकटक बन्द गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट



**हाम्रा संवाददाता**——

**पाल्पा,** मसिर १/सामाजिक सञ्जाल टिकटक बन्द गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा आधा दर्जन बढी रिट परेका छन् । टिकटक बन्दले अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक उल्लंघन भएको भन्दै निवेदकहरुले निर्णय बदरको आदेश माग गर्दै रिट हालेका हुन् ।

टिकटक बन्द गर्ने निर्णय नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता हनन् भएको भन्दै बरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता स्वागत नेपाल, सुनीलरञ्जन सिंह, सरिता थापा लगायत सर्वोच्च पुगेका छन् । सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको रिटमाथि मंसिर ४ गते प्रारम्भिक सुनुवाइ हुने छ । शनिबार सार्वजनिक बिदा तथा आइतबार छठ पूजाको सार्वजनिक बिदा भएकाले सोमबारलाई पेसी तोकिएको हो । कात्तिक २७ गते बसेको मन्त्रिपरिषद्को बैठकले नेपालमा टिकटक चल्न नदिने निर्णय गरेको थियो । त्यही निर्णय खारेजीको माग राखेर निवेदकहरु शुक्रबार सर्वोच्च अदालत पुगेका हुन् ।

टिकटक प्रयोगमा देखिएका कमीकमजोरीलाई नियमन गर्न सकिने तर प्रतिबन्ध लगाउन नहुने निवेदकहरुको दावी छ । टिकटक बन्द गर्ने सरकारको निर्णय गैरकानुनी एवं गैर संवैधानिक, बदनियतपूर्ण एवं स्वेच्छाचारी भएको भन्दै कानुन व्यवसायीहरूले सो निर्णय बदर गरी टिकटकमा लगाइएको रोक तत्काल फुकाउन माग गरेका छन् ।

टिकटकबाट समाजमा विसंगति, विकृति र अराजकता फैलाएको भन्दै नेपालमा टिकटक बन्द गर्ने निर्णय सरकारले गरेको हो । टिकटक बन्द गर्ने सरकारको निर्णयलाई लिएर यतिबेला समाजिक सञ्जालहरुमै पनि फरक फरक मतहरु प्रकट भएका छन् । सबै उमेर समूहका व्यक्तिहरुमा लोकप्रिय बन्दै गएको टिकटकका कारण साइबर अपराधका घटनाहरु बढेपछि यसलाई नियमन गर्नेबारे यस अघि देखि नै बहस चल्दै आएको थियो । अघिल्लो साता गृहमन्त्रालयले साइबर ब्युरो, गृह मन्त्रालय र टिकटकका अन्तर्राष्ट्रिय प्रतिनिधिबीच यसको नियमनका बारेमा छलफल गरेको थियो । उक्त छलफलपछि प्रधानमन्त्री पुष्पकमल दाहालले सत्तारुढ र प्रमुख विपक्षी दलका नेताहरूसँग समेत सामाजिक सञ्जाल नियमनको विषयमा छलफल गरेका थिए । छलफलमा सत्तासाझेदार मुख्य दल कांग्रेसका सभापति शेरबहादुर देउवादेखि प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीसम्मले टिकटकले ल्याएको विकृतिबारे बैठकमै छलफल गरेका थिए ।

छलफलमा सबै दलका नेताहरुले कुनै न कुनै रुपमा विकृति फैलाइरहेका माध्यमहरुलाई नियमन जरुरी रहेको भन्ने साझा अभिव्यक्ति पाएपछि सरकारले गत सोमबारको बैठकबाट टिकटकलाई बन्द गर्ने निर्णय गरेको हो ।

## संक्षिप्त समाचार

### चिसोले दुईको मृत्यु



**जाजरकोट,** मंसिर १/चिसोका कारण जाजरकोटमा दुई जना वृद्धको मृत्यु भएको छ । भूकम्पले घरमा क्षति पुगेपछि त्रिपालमा बस्दै आएका भेरी नगरपालिका-२ का ८८ वर्षीय धुलेश्वर कार्की र बारेकोट गाउँपालिका-४ जिरीका नरेन्द्रबहादुर सिंहको मृत्यु भएको हो ।

कार्की र सिंह दुवै दमका दीर्घरोगी भएको र चिसोका कारण रोगले च्याप्दै गएपछि दुवैको मृत्यु भएको बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले जानकारी दिए । उनका अनुसार भूकम्पपछि घर बस्न नमिल्ने भएपछि जाजरकोटका ३४ हजारभन्दा बढी घरपरिवार त्रिपालमुनि बस्दै आएका छन् । त्रिपालमुनिको बसाइँले बालबालिका, सुत्केरी, दीर्घरोगी र वृद्धवृद्धा बढी प्रभावित भएका छन् । बालबालिका र वृद्धवृद्धामा श्वासप्रश्वास सम्बन्धी समस्या देखिन थालेको जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले बताए । उनका अनुसार यसअघि गत साता नलगाड-४ मा चिसोका कारण दुई जना दीर्घरोगीको ज्यान गएको थियो । प्रजिअ सुनारले चिसोले बालबालिका, सुत्केरी, दीर्घरोगी र वृद्धवृद्धालाई असर पारेकाले त्यसको आवश्यक व्यवस्थापनका लागि पहल भइरहेको जानकारी दिए । *-रासस*


## बस दुर्घटनामा २० जना घाइते



**बुटवल,** मंसिर १/रुपन्देहीको देवदहमा बस दुर्घटना हुँदा २० जना घाइते भएका छन् । पूर्वपश्चिम राजमार्ग अन्तर्गत देवदह नगरपालिका-८ भलुहीमा दाङबाट काठमाडौं जाँदै गरेको बा.प्र.०३-००१ नम्बरको बस बिहीबार राति पौने १२ बजे पल्टिँदा २० यात्रु घाइते भएका हुन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार बसमा ३८ जना सवार रहेका थिए । घाइतेहरुको देवदह मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

घाइतेहरुमध्ये दुई जनाको अवस्था गम्भीर र ५ जनाको अवस्था मध्यम छ । बस चालक प्युठान झिमरुकका प्रदीप परियारलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## लुम्बिनीमा ३० करोड लगानीमा रसियन गुम्बा



**लुम्बिनी,** मंसिर १/बुद्धको जन्मस्थल लुम्बिनीमा 'रुसी बौद्ध गुम्बा' निर्माण गर्न थालिएको छ । एक सय आठ वर्ष पुरानो रसियाको सेन्ट पिटरबर्गस्थित रसियन गुम्बाको प्रारूपसहितको गुम्बा निर्माण थालिएको हो ।

नेपालस्थित रसियन दूतावास, रुस नेपाल मैत्री संघ, रुसी बौद्ध मन्दिर निर्माण फाउन्डेसन र रुसका बौद्धमार्गीको संयुक्त पहलमा मन्दिर निर्माण गर्न थालिएको छ । उक्त गुम्बा ३० करोडको लगानीमा निर्माण गरिने रुसी गुम्बा नेपालका संयोजक ई.प्रवीण गौचनले जानकारी दिए ।

लुम्बिनी क्षेत्र विकास कोषभित्र रहेको एक बिघा जमिनमा निर्माण थालिएको सो गुम्बा सन् २०२५ मा सम्पन्न गरिने लक्ष्य रहेको उनले बताए । रसियादेखि रसियन गुम्बाको एक टुक्रा ढुङ्गासहित आएका भिक्षुहरुबाट गरिएको बौद्ध पाठ परायणसहित रसियन राजदूत असेक्सेई नोभिकोभले गुम्बा शिलान्यास गरेका थिए । पाठ पारायण गर्ने भिक्षुहरुमा बुदा बदमाएफ, जम्बालभ छिरिगंछाप, नान्जतोफ रिचेलाभ, चिल्गासेफ रमन थिए ।

रुसी दूतावासमार्फत लुम्बिनी विकास कोषसँग सन् २०१९ मा सम्झौता सम्पन्न भई हाल निर्माण सुरु गरिएको साढे दुईतले उक्त गुम्बा रुसको सबैभन्दा पुरानो गुम्बाको प्रारूप झल्किने संरचना अनुरुपको हुनेछ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## टिकटक माथिको प्रतिबन्ध

**नेपाल सरकारले चिनियाँ सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाए पछि समर्थन र विरोध चर्किएको छ । यतिबेला टिकटकको पक्ष/विपक्षमा टिका टिप्पणीहरु आइरहेका छन् । टिप्पणी आउनु स्वाभाविक नै हो । किन भने पछिल्लो समय टिकटकमा बालबालिका, युवा, युवती, वृद्धवृद्धा सबैको रोजाईमा पर्न सफल भएको थियो । टिकटकको लोकप्रियता एकातिर थियो भने अर्कोतर्फ अश्लिल, सामाजिक सद्भाव भड्काउने जस्ता जथाभावी कन्टेन्टका कारण ओलोचना समेत टिकटकले खेप्नु पर्‍यो । सामाजिक सञ्जाललाई दुरुपयोग गरेर विभिन्न समुदाय, धर्म, संस्कृति र भेषाभूषाका व्यक्तिहरुबीचको सामाजिक सद्भाव र पारिवारिक एकतामाथि खलल पुर्‍याउने काम हुनु दुखद् हो । यसलाई मध्यनजर गरेर सरकारले टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णयमा पुगेको हो । यसलाई अन्यथा मान्नु हुँदैन ।**

**जहाँसम्म अभिव्यक्ति स्वतन्त्रताकै हनन् भयो भन्ने कतिपयको तर्क छ, त्यो भने तर्कसंगत देखिँदैन । सरकारले अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाएको होइन, एउटा माध्यममात्र रोकेको हो । यस्ता थुप्रै सूचना प्रविधिहरु छन् तिनीहरुको सही उपयोग गर्न सकिन्छ । टिकटकै नभई अभिव्यक्तिको ढोका नै बन्द हुने पनि होइन् । अभिव्यक्ति स्वतन्त्रता हाम्रो संविधानप्रदत्त मौलिक हक हो तर टिकटक जस्ता सामाजिक सञ्जालहरु छाडापना, उच्छृंखलको माध्यम बन्नु गलत हो । जसलाई नियन्त्रण गर्न सरकारले यो कदम चालेको हुन सक्छ । व्यक्तिगत गोपनियता भंग गरिदिने, चरित्र हत्या गर्ने र गालीगलौज गर्नेलगायत अवाञ्छित क्रियाकलाप पनि टिकटकबाट हुँदै आएकै हुन् । टिकटकबाट धार्मिक सद्भाव बिथोल्ने दुष्प्रयास पनि भएकै हुन् । हिंसात्मक भाषण दिनेदेखि एक–अर्काको धर्ममाथि आँच पुग्ने किसिमका अभिव्यक्ति दिने लगायतका अधिकांश हर्कतहरू टिकटककै माध्यमबाट भएका थिए । त्यही कारणले समाजभित्र विसंगति, विकृति र अराजकता फैलाउने प्रवृत्तिलाई नियन्त्रण तथा नियमन गर्ने मनसायबाट प्रेरित भएर टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णय उपयुक्त मात्र छैन, समय सान्दर्भिक र सबै दृष्टिकोणले महत्वपूर्ण छ । यसर्थ सरकारले लगाएको प्रतिबन्धपछि जुन खालको बहस उठेको छ, त्यसले पनि टिकटक माथिको प्रतिबन्धको आवश्यकतालाई थप बल पुगेको छ ।**

### Opinion @ Social Network

कसैले केही भन्यो भन्दैमा आफु दु:खी नबन
किनकी सबैले आफ्नो औकात अनुसारको व्यवहार देखाउने हो ।
*(दिलमाया शाहीको फेसबुक स्टाटसबाट www.facebook.com//dilmaya.shahi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इन्टरनेटको लोकतन्त्रीकरण र डिजिटल सार्वभौमसत्ता



**तेजप्रसाद वाग्ले**

*सामाजिक सञ्जालका माध्यमहरू खुला समाजलाई आकार दिन, संवादलाई बढावा दिन, नागरिक संलग्नता प्रवर्धन गर्न र परम्परागत शक्ति संरचनाहरूलाई चुनौती दिने शक्तिशाली माध्यमका रूपमा समेत देखा परेका छन् । तर सामाजिक सञ्जालका बारेमा कस्तो दृष्टिकोण लिने भन्ने सवालमा नेपालका राजनीतिक दल र नीतिनिर्माताहरूको स्पष्ट दृष्टिकोण छैन । पछिल्लो समय सरकारले सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगायो । यस प्रकरणमा पनि नेपाली समाज विभाजित छ ।*

इन्टरनेट र सामाजिक सञ्जाल खुला संवाद, विविध विचार र अभिव्यक्तिका लागि सरल माध्यम हुन् । डिजिटल युगमा आधारभूत अधिकार र मानवअधिकारको रूपमा लोकतान्त्रिक मुलुकहरूले आत्मसात् गरेको अभिव्यक्ति स्वतन्त्रताको सुन्दर नमूना पनि हो- सामाजिक सञ्जाल । सामाजिक सञ्जालका माध्यमहरू खुला समाजलाई आकार दिन, संवादलाई बढावा दिन, नागरिक संलग्नता प्रवर्धन गर्न र परम्परागत शक्ति संरचनाहरूलाई चुनौती दिने शक्तिशाली माध्यमका रूपमा समेत देखा परेका छन् । तर सामाजिक सञ्जालका बारेमा कस्तो दृष्टिकोण लिने भन्ने सवालमा नेपालका राजनीतिक दल र नीतिनिर्माताहरूको स्पष्ट दृष्टिकोण छैन । पछिल्लो समय सरकारले सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगायो । यस प्रकरणमा पनि नेपाली समाज विभाजित छ । टिकटकले छाडापन र अराजकता बढेकोले प्रतिबन्ध जरूरी भएको कतिपयको मत छ भने नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने कतिपयको ठम्याइ छ । यसअघि पनि विद्युतीय माध्यम र सामाजिक सञ्जाललाई नियमन र नियन्त्रणका लागि कानुन बनाउने प्रयास नभएको भने होइन । सामाजिक खुलापन र लोकतन्त्रीकरणमा जनताको आवाज विस्तार गर्ने, व्यक्तिहरूलाई जोड्ने र सूचनाको स्वतन्त्र प्रवाहलाई सहज बनाउने क्षमता सामाजिक सञ्जालमा स्पष्ट देखिन्छ । सामाजिक सञ्जालले आम मानिसलाई विचार व्यक्त गर्न, अनुभवहरू आदानप्रदान गर्न र विश्वव्यापी स्तरमा आफूलाई सहभागी गराउन अवसर प्रदान गर्दछ । यसले मूलत: मूलधारमा आउन नसकेका समुदाय र नागरिकहरूलाई विभिन्न सामाजिक, राजनीतिक र सांस्कृतिक मुद्दाहरूमा छलफलको सुविधा दिएको र उनीहरूको आवाज मुखरित गरेको छ ।

सामाजिक सञ्जालले सूचनाको पहुँचलाई लोकतान्त्रिक बनाउँछ, ज्ञानको अवरोधहरू तोड्छ । प्रयोगकर्ता-उत्पन्न सामग्री र नागरिक पत्रकारिता मार्फत, यी प्लेटफर्महरूले सूचनाको प्रसारलाई सहज बनाउँछन्, प्राय: परम्परागत द्वारपालहरूलाई बाइपास गर्दै, यसले सूचनाको असमानता पनि घटाउँछ । अधिनायकवाद वा पारदर्शिताको अभाव हुने समाजमा, सामाजिक सञ्जालले शासकलाई चुनौती दिन, जवाफदेहीको माग गर्न र अन्यायलाई उजागर गर्ने औजारको रूपमा काम गर्दछ । यस्ता प्लेटफर्महरूले लोकतन्त्र, मानवअधिकार र सामाजिक न्यायका लागि आन्दोलनलाई उत्प्रेरित गर्न, पारदर्शिता प्रवर्धन गर्न र अधिनायकवादी शासनलाई चुनौती दिन विश्वव्यापी रूपमै महत्वपूर्ण भूमिका खेलेका छन् । सामाजिक सञ्जालले भौगोलिक, सांस्कृतिक र सामाजिक विभाजनलाई पार गर्दछ । फरक-फरक पृष्ठभूमिका मानिसहरूलाई जोड्दछ । यसले अन्तरसांस्कृतिक संवाद, समानुभूति र समझदारीलाई प्रवर्द्धन गर्दछ । व्यक्तिहरूलाई अन्तरक्रिया, अनुभवहरू आदानप्रदान र सीमापार सहकार्य गर्न सक्षम बनाउँछ । यसले विश्वव्यापी नागरिकको भावनालाई बढावा दिन्छ । थप खुला र अन्तरसम्बन्धित दुनियाँका लागि योगदान पुर्‍याउँछ । टिकटक जस्ता सर्ट-फार्म भिडियो प्लेटफर्महरूले डिजिटल सामग्री निर्माणमा क्रान्तिकारी परिवर्तन ल्याएका छन्, जसले प्रयोगकर्ताहरूलाई सृजनात्मक सामग्री निर्माणको अवसर प्रदान गर्दछ । प्रयोगकर्तालाई छोटो, आकर्षक भिडियोहरू मार्फत आफ्नो रचनात्मकता प्रकट गर्न सशक्त बनाउँछन् । नृत्यदेखि लिप-सिंकिङ, हास्य तथा अन्य कलात्मक प्रदर्शनहरू समेतबाट प्रयोगकर्ताहरूले आफूलाई विविध र कल्पनाशील तरिकाहरूमा व्यक्त गर्न सक्छन् । यसले दिएका सुविधाले प्रयोगकर्ताहरूलाई उनीहरूको रचनात्मकता अन्वेषण गर्न सक्षम बनाउँछ, जीवन्त र गतिशील डिजिटल सामग्री परिदृश्यलाई बढावा दिन्छ । छोटो भिडियोहरू सजिलै ग्रहण गर्न सकिन्छ । छोटा सामग्रीले छिटो, मनोरञ्जन र जानकारीमूलक सामग्री खोज्ने प्रयोगकर्तालाई सहज बनाउँछ ।

यी प्लेटफर्मले साझा चासो, प्रवृत्ति र चुनौतीको वरिपरि रहेका समुदायलाई संगठित गर्ने अवसर प्रदान गर्दछ । समुदायको भावनालाई बढावा दिन्छन् । व्यापक सहभागिता जगाउँछन् । विविध पृष्ठभूमि र संस्कृतिका व्यक्तिहरूलाई एकसाथ ल्याएर समावेशिता र एकतालाई बलियो बनाउँछ । सामग्री सिर्जनाकर्ताहरूका लागि दर्शक निर्माण गर्न र प्रतिभा प्रदर्शन गर्न अवसर प्रदान गर्दछ । यसमा सफल सामग्री निर्माणले ब्रान्ड साझेदारी, प्रायोजन र अन्य आर्थिक अवसरहरू सिर्जना गर्दछ । व्यवसायीहरूले यो प्लेटफर्मबाट ब्रान्ड प्रवर्धनका लागि लाभ उठाएका छन्, रचनात्मक र आकर्षक भिडियो सामग्री मार्फत आफ्ना दर्शकहरूसँग नजिक भएका छन् । छोटो समयमा लोकप्रियता कमाएका छन् । प्रयोगकर्ताहरूले शैक्षिक सामग्रीदेखि हास्य, फेसन, यात्रा र अन्य विधाका जानकारी लिन पाएका छन् । यसलाई कैयौंले मनोरञ्जनको स्रोतको रूपमा लिएका छन् । अभिनय, अभिव्यक्ति र मनोरञ्जनको माध्यमका रूपमा रहेका यी प्लेटफर्म माथि नियन्त्रणको प्रयास गर्नु भनेको डिजिटल मिडिया खपत र अन्तरक्रियाको नयाँ युगलाई बुझ्न नसक्नु हो । यी माध्यमले प्रयोगकर्ताहरूलाई छोटो भिडियो सामग्री मार्फत विभिन्न दृष्टिकोण, विचार र भावना प्रकट गर्ने अवसर प्रदान गर्दछ । यो सुविधाले व्यक्तिहरूलाई सशक्त बनाउँछ, उनीहरूलाई स्वतन्त्र रूपमा आफूलाई अभिव्यक्त गर्न, रचनात्मकतालाई बढावा दिन र विभिन्न विषयमा संवादलाई सहज बनाउँछ । यही कारण अहिलेको समय डिजिटल मिडिया खपत र अन्तरक्रियाको नयाँ युग बनेको छ । जसले सृजनशीलता र अभिव्यक्तिलाई बढावा दिनेदेखि, समुदाय निर्माण, करिअरका अवसर र मनोरञ्जनसम्म असंख्य फाइदा दिएको छ । यी प्लेटफर्महरूले डिजिटल सामग्री निर्माणलाई पुन: परिभाषित गरेको छ । यसको प्रमुख चुनौती भनेको गलत जानकारी फैलाउने र हेरफेर गरिएका सामग्रीको विस्तार हो । सामाजिक सञ्जालको माध्यमबाट सरकारविरोधी र व्यवस्था विरोधीले समेत सक्रियता बढाउनु लोकतान्त्रिक व्यवस्थामा नौलो घटना होइन ।

भ्रामक वा मनगढन्ते भिडियो सामग्रीको विस्तारको खतरा अर्को चुनौती हो तर यसलाई रोक्ने नाममा माध्यममाथि नै प्रतिबन्ध गर्नु उपयुक्त हुँदैन । यो इन्टरनेटको लोकतन्त्रीकरण विरुद्धको कदम हो । कतिपय मुलुकले आफ्ना नागरिकको डेटालाई सुरक्षित राख्न विदेशी एपलाई प्रतिबन्ध लगाएका छन् । वैकल्पिक प्लेटफर्महरूको आवश्यकता महशुस गरेका छन् । स्वदेशी प्राविधिक विकासमा जोड दिएका छन् । डिजिटल सार्वभौमसत्ताको विकासमा लगानी गरेका छन् र प्राविधिक क्षेत्रमा आत्मनिर्भर हुने प्रयास गरेका छन् । इन्टरनेटको सीमाविहीन प्रवृत्तिले सूचना प्रवाह नियन्त्रण गर्नु प्राय: चुनौतीपूर्ण छ । घृणायुक्त अभिव्यक्ति, गलत सूचना, गोपनीयता उल्लंघन र साइबर खतराहरू जस्ता मुद्दालाई सम्बोधन गर्न अमूक एपमाथिको प्रतिबन्धले कुनै अर्थ राख्दैन । विश्वव्यापी कनेक्टिभिटीले प्रतिबन्ध लागू गर्न पनि कठिनाइ छ । सीमित प्राविधिक पूर्वाधारकै कारण पनि सरकारले जनताका सबै अनलाइन गतिविधिको निगरानी गर्न सक्दैन । अर्कोतर्फ विश्वव्यापी कनेक्टिभिटीले राष्ट्रिय क्षेत्राधिकार भित्र नियम लागू गर्न कठिनाइ सिर्जना हुन्छ । इन्टरनेटको सीमापार प्रवृत्तिले नियामक प्रयासलाई थप जटिल बनाउँछ । सूचनाले राष्ट्रिय सिमाना सहज रूपमा पार गर्दछ । डीपफेक्स, आर्टिफिसियल इन्टेलिजेन्सर द्रुत रूपमा परिवर्तन भइरहेको सामाजिक सञ्जाल प्रवृत्ति र प्रविधिको द्रुत विकासले प्राय: नियामक ढाँचालाई पछाडि पारेको छ । यसको एउटा उदाहरण भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन) को प्रयोग हो । सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि व्यक्तिगत स्वतन्त्रतालाई समाजको सामूहिक कल्याणसँग सन्तुलनमा राख्न सक्नुपर्छ । सरकारले जिम्मेवार अनलाइन व्यवहार सुनिश्चित गर्न आम नागरिकलाई सुसूचित गर्नुपर्छ । डेटा संरक्षण, बौद्धिक सम्पत्ति र साइबर अपराध सम्बन्धी कानूनहरू सावधानीपूर्वक बनाइनुपर्छ । जसले अभिव्यक्ति स्वतन्त्रता र सामाजिक मूल्यको संरक्षण बीचमा सन्तुलन कायम गरोस् ।

नागरिकहरूले स्वतन्त्र रूपमा आफ्ना विचारहरू अभिव्यक्त गर्न, सूचना आदानप्रदान गर्न र सार्वजनिक कुराकानीमा संलग्न हुनसक्ने वातावरण लोकतन्त्रले सिर्जना गर्दछ । लोकतान्त्रिक समाजका मौलिक सिद्धान्तलाई उल्लंघन नगरी अनलाइन जोखिम सम्बोधन गर्न नीतिनियम आवश्यकता अनुसार बनाउनैपर्छ । तर इन्टरनेट नियम र सामग्री नियन्त्रणका नीतिहरू बनाउँदा स्वतन्त्र अभिव्यक्ति, गोपनीयता र सुरक्षा भन्दा अरू नियत राखिनुहुँदैन । यस बाहेक, लोकतान्त्रिक समाजमा नियामक नीति बनाउँदा सार्वजनिक बहस र सहभागितालाई प्राथमिकता दिइन्छ, न कि कानुन निर्माता सांसदहरूले पनि पत्रकार सम्मेलनबाट थाहा पाउन् । अहिले हामीले जोड दिनुपर्ने विषय भनेको-डिजिटल सार्वभौमसत्ता हो । बाह्य प्रभाव वा नियन्त्रणबाट मुक्त आफ्नै कानुन, मूल्य र चासो अनुरूप आफ्नो डिजिटल स्थानलाई शासन र नियमन गर्ने राष्ट्रको क्षमता विकास गर्नुपर्छ । जसले राष्ट्रको स्वायत्तता कायम राख्न र आफ्नो सीमाभित्र डिजिटल सूचनाको प्रवाहलाई नियन्त्रण गर्ने क्षमता विकास गरोस् । अहिले हामी डिजिटल पूर्वाधारको लागि विदेशी कम्पनी र प्लेटफर्महरूमा निर्भर छौं, जसले डेटा र डिजिटल सम्पत्तिहरूमा उनीहरूको नियन्त्रण हुने जोखिम छ । इन्टरनेट सेवा र प्लेटफर्महरू प्रदान गर्ने बहुराष्ट्रिय निगमहरूको प्रभुत्वले प्राय: हाम्रो जस्तो देशहरूको डिजिटल सार्वभौमसत्ता कमजोर भएको छ । बाह्य प्रविधि र पूर्वाधारमा निर्भर हाम्रो जस्तो देशका लागि तत्काल सम्भव नभए पनि डिजिटल सार्वभौमसत्ता कायम गर्ने लक्ष्य त हामीले राख्नैपर्छ । हामीले आफ्नो डिजिटल सार्वभौमसत्ता विदेशी क्षेत्राधिकार र नीतिहरूको अधीनमा छोड्नुहुँदैन ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । झुटा आरोप आइपर्ला ।

**वृष** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।

**मिथुन** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन्।

**कर्कट** : प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ ।

**सिंह** : मेहनतीहरूका लागि बढी फलदायी नै रहने र लाभदायक यात्रा रहनेछ ।

**कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** : जोश जाँगर र हिम्मत बढ्नेछ । आफ्नो चलाखीपनले कार्य सिद्ध हुनसक्छ।

**वृश्चिक** : श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**धनु** : लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । व्यवहारबाट सजग रहनु ।

**मकर** : धर्मकर्ममा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ ।

**कुम्भ** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । व्यापार व्यवसायमा प्रगति होला।

**मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भइनेछ।

# साहित्य दर्पण

निबन्ध — केशव पाठक

## कफि पिउँ है ?

कफि पिउँ है ? साराले आग्रह गरी । सिंगापुरको अन्सन रोडमा रहेको करिब ५० वर्ष पुरानो अपार्टमेन्टको एघारौं तलामा साराको फ्ल्याटबाहिर चर्को घाम लागिरहेको थियो । हामीले सहजताका साथ कफि पिउने स्वीकारोक्ति दियौं । चञ्चले प्रकृतिकी सारा कोठाभरी मोहकता छर्दै किचेनतिर लागि । पहिलोपटक सिंगापुर पुगेका हामी ४ जनालाई त्यहाँको विकास र सहरीकरणले चमत्कारिक आकर्षण दिएको थियो । त्यसमाथि साराको चञ्चलताले हामी झनै मख्ख थियौं । १९९९ अगस्टतिरको कुरा हो यो । सिंगापुरमा विश्व कृषि मेलाको आयोजना गरिएको थियो । त्यसमा नेपालबाट हामीले प्रतिनिधित्व गरेको थियौं । सारा स्थायीरुपमा बसोबास गर्ने अन्सोन रोडमा रहेको पुरानो अपार्टभित्र सारा र उनका परिवारसँग हामी ४ थियौं । एयरपोर्टबाट सिधै यही घरमा ल्याइएको थियो हामीलाई । कार्यक्रम दुई दिनपछि भएकोले पुगेको दिन र भोलिपल्ट साराको अपार्टमा रहेको गेष्टरूममा हामीले रात बिताउदै थियौं । बाहिरबाट पुरानो देखिए पनि यो अपार्ट भित्र भने अत्यन्त आधुनिक थियो । डिजाइन र साजसज्जाले हामी नेपालीलाई नलोभ्याउने कुरै भएन । यता हाम्रो नेपालमा त अपार्टमेन्ट भन्नाले के बुझिन्छ नै थाहा थिएन त्यतिखेर । आर्थिक विकासको उच्चतम बिन्दुमा पुगिरहेको सिंगापुरको यो अपार्ट पनि केही महिनामा भत्काइने कुरा साराकी आमा लाराले हामीलाई बताइन् । त्यसपछि उनीहरु कलाङ भन्ने ठाउँमा सर्दै थिए जहाँ सरकारले नयाँ आवास उनीहरु उपलब्ध गराउँदै थियो ।

कफि पिउँ है ? भनेको करिब २५ मिनेटपछि साराले सेरामिकको सेतो मध्यमखाले ग्लासमा कफि लिएर लिभिङरूममा आउँदा फरकखाले कफिको बास्ना हामीले अनुभूति गर्यौं । कमजोर कफि संस्कृति भएका हामी नेपालीले कफिलाई भद्धा लक्जरी ड्रिंक्सको रुपमा लिन्यौं त्यो ताका । कमैले कफि खान्थे । धेरैलाइ कफिको स्वाद नै मन पर्दैनथ्यो । त्यसो त अझै पनि नेपालको राजधानीबाहेक अन्य ठाउँमा कफि खाने ठाउँ बिरलै भेटिन्छ । नेस्क्याफे वा सोही आकार, रुप, रंगको अरु कम्पनिका रेडिमेड कफिलाई पानी वा दुधमा फिटेर खाइने कफि नै हामीहरुका लागि कफिको उच्चतम स्वरुप थियो । साराले हाम्रो आतिथ्यतालाई सहजिकरण गर्न ल्याएको त्यो कफि हाम्रो अन्दाजमाचाहिँ त्यहि नेस्क्याफे वा सो सरहको कफिमात्र थियो । तर कफिको रुप, रंग नदेखिँदै आएको बास्नाले हामीलाई फरक महसुस गराइसकेको थियो । मध्यम आकारको सेतो सेरामिक कपमा आधाभन्दा अलि बढि जति भरेर ल्याइएको कालो र हल्का बाक्लो कफि हाम्रो हातमा साराले राखिदिँदा कफिको नयाँ रुपमा पहिलोपटक प्रवेश गरेका थियौं । कफिको स्वाद पनि फरक थियो । चिनी हालिएको थिएन । पहिलोपटक भएर होला मिठो पनि त्यति लागेन । खासै मिठो नलागे पनि साराको हातले बनाएकोले मिठोको रंग थप्यौं हामीले । हामीले कफिमा चिनी हाल्ने जमर्कोसमेत गरेनौं । त्यो फिल्टर कफि थियो । कफिको जानकारी लिन खोज्दा साराले हामीलाई किचेनमा लगेर कफि बनाउने भाँडो देखाई । त्यो अनौठो लाग्यो हामीलाई । सानो थियो तर त्यसले गर्ने करामत भने नेपालमा रक्सि बनाएको जस्तोजस्तै थियो । एकपटकमा सायद त्यहि ३-४ कप कफि बनाउन सकिन्थ्यो होला । त्यो खाले कफि बनाउने भाँडो मैले पछिसम्म नेपालमा देख्न पाएको छैन । आज पनि कफि खाँदा त्यो फिल्टर कफि र साराको त्यो माया सद्भाव सम्झनामा आउँछ । हामीलाई काठमाडौंमै लिन आएकी थिइ सारा । एकखाले मोहनी नै लगाएकी थिइ उसले । हामीलाई मोहनी लगाउन् पूर्व सिंगापुरबाट हामीलाई लिन आएको ३ जनाको टोलीकी कान्छी सदस्य थिई ऊ । उनीसँग साथमा आएकी लारा उनकै आमा थिइन् भने सेन्ड्रिला नामकी फुपु थिइन् अर्की सदस्य । हाँगामा फलिरहेको कफि प्रिन्ट भएको टिसर्टमा सजिएकी सारा तीन दिन नेपाल बस्दा सोही प्रिन्टको भिन्न भिन्न रंगका टिसर्टमा सजिएर हामीसँग काठमाडौंका बिभिन्न पर्यटकीय ठाउँमा हिँडी । यही हिँडाइमा उसको बानी व्यवहारले हामीले मोहनी लगायो । उमेरले त्यही २३ जति हुनु पर्ने यी रेसमी कपालकी युवती विश्व कृषि मेलाकी १० जना कोर्डिनेटरमध्ये एक थिई । राम्री विदेशी केटी लिएर हामी राजधानीमा धेरै रंगियौं । कल्पनाको गगनहरु छोयौं ।

साराकी आमा लाराले सिंगापुर निवासी झ्यान पुसँग विवाह गरेपछि यी ब्राजिलियनहरु पछिल्लो २५ वर्षदेखि सिंगापुरमा नै घरजम गरेर व्यस्त जीवनयापन गरिरहेका थिए । सिंगापुरमा खेतीको ठूलो संभावना हुने ठाउँ खोज्नु मुर्खता नै हो । त्यसैले झ्यान र लाराले विश्वको बिभिन्न ठाउँबाट तरकारी तथा फलफूलहरु आयात गर्ने काम थालेको २० वर्षपछि एउटा अन्तर्राष्ट्रियस्तरको कृषिमेला आयोजना गर्ने जमर्को गरे । यही कृषि मेलाको निम्तो दिने नाममा नेपाल घुम्न आएका थिए यी तीन महिला । नेपालीको व्यवसायिक कृषिको संभावना खोजीरहेका केही युवापुस्तालाई नेपालबाट सिंगापुर लैजाने वातावरणमा भूमिका खेलेवापत संयोजकको भूमिकामा म आफै सहभागि थिएँ । साथमा कृषिका अरू तीन सहयोद्धा पनि सहभागि भएका थिए । सिंगापुर गएपछि थाहा भयो त्यो विश्व कृषि मेला विशेषत: कफिमा केन्द्रित थियो । यतै थाहा भएको भए केही कफि खेतीमा काम गर्ने जमर्को गरिरहेका नामहरुलाई लगिन्थ्यो होला तर त्यसो हुन पाएन । हामी चारैजना कफि तथा कफि खेतीसम्बन्धमा अनविज्ञ नै थियौं । ५ दिनसम्म चल्ने सो मेलामा विशेष गरेर ब्राजिल र इथियोपियाबाट ल्याइएको कफि प्रदर्शन गरियो । कफि खेतीमा विश्वलाई आकर्षित गर्ने योजनाले आयोजित थियो यो मेला । कफि, कफि मेसिनलगायत कफिसँग सम्बन्धि धेरैभन्दा धेरै स्टलहरु थिए । खेती सिकाउने डेमो फार्मिङको व्यवस्था पनि मिलाइएको थियो । कफि बनाउन र कफि सप संचालन गर्ने फास्ट ट्र्याक तालिमको व्यवस्था थियो । साराले हामीलाइ आग्रह गरी त्यो तालिम लिन । हामीले मौकाको फाइदा उठायौं । यही मेलाको अवसर पारेर विशाल आर्थिक उन्नतितिर लम्किरहेको सिंगापुरको स्वरुपलाई नजिकैबाटै अनुभव गरियो । २३ देशको प्रतिनिधित्व तथा १७ देशको स्टलहरु थिए मेलामा । कृषि कर्मका कख्रा सिक्दै गरेका हामीलाई त्यो मेलाले नयाँ तथा सकारात्मक उर्जा दियो । साराले हाम्रो ६ दिने भ्रमण अवधिभर लगातार साथ दिई । मेलाको अन्तिम दिन विशेष खाले कार्यक्रम राखियो । ब्राजिल र इथियोपियाबाट ल्याएको १३ टन काँचो तथा ग्रेडिङ नगरिएको कफिलाई ३० मिनेट लामो प्रतियोगिता राखेर जसले धेरै छान्न सक्यो त्यसले ५० हजार डलर पुरस्कार पाउने कार्यक्रम राखिएको थियो । त्यो रकम कृषिकै कार्यक्रममा लगानि गर्नु पर्ने अनिवार्य शर्त थियो पुरस्कार प्रायोजकको । अमेरिकन डकिन डोनट्सले प्रायोजन गरेको यो प्रतियोगिताको पुरस्कार राशीले सहभागि सबैको होस उडेको थियो । यति ठूलो रकम ?

आश्चर्यजनक रूपमा नेपालबाट प्रतियोगितामा मैले भाग लिन पाएँ । भाग लिनु पूर्व साराले कस्तो कफिको बियाँलाई छनौट गर्ने बारेमा सिकाएकी थिई । संभवत: आयोजकले नै यसरी प्रतिस्पर्धा जितिन्छ भनेर सिक्ने सौभाग्य पाउने मैं मात्र भाग्यमानी थिएँ होला । त्यसो त साराले हामी नेपाली टोलीलाई धेरै नै महत्व दिएकी थिई । एक हिसाबले मोहनी लगाएकी थिई हामीलाई । युवा उमेरका हामी सबैले आआफ्नै रुप रंगका मायाका फूलहरु बर्साएका थियौं सारामाथि । आजसम्म पनि ती दिन सम्झिदै हामी तरंगित हुने गर्छौं । प्रतियोगिता सुरु भयो, राम्रो कफिको बियाँ छान्ने प्रतिस्पर्धा । फलेका सबै कफिका बियाँ कफिका लागि प्रयोग गरिँदैन भन्ने कुरा त्यहिँ थाहा भयो हामीलाई । नेपालमा भने आज पनि खासै कफिको बियाँ ग्रेडिङ गर्ने गरेको पाइँदैन । आजभन्दा २१ वर्ष अघि कफिको बियाँ ग्रेडिङको प्रतिस्पर्धामा नपत्याउँदो रुपमा मैले सबैभन्दा धेरै छानेछु । र त्यो विशाल धन राशी हामीले जित्यौं । आज पनि हामीले नै त्यो प्रतिस्पर्धा जितोस् भन्ने चाहना अनि केही भित्री प्रयास साराले गरेकीले नेपालले त्यो प्रतिस्पर्धा जित्यो कि जस्तो लाग्छ मलाई । ५० हजार डलर पुरस्कार राशी हामीले पाएको बारेमा हामी आफैंलाई पत्याउन नसक्ने सपना लागिरहेको थियो । कृषिमा ठूलो योजनाको अभावमा लामो समयसम्म हामीले डकिन डोनट्ससँग सो पुरस्कारको रकम लिन पनि सकेनौं । पछि साराकै पहलमा हामीले नेपालीहरुलाई कृषि क्षेत्रमा एकिकृत गर्न स्वदेशमै केही गर्न सकिन्छ भन्ने कृषि कार्यक्रम आयोजना गर्यौं । पछि देशको ३३ जिल्लामा यो कृषिको अभियानका बिभिन्न कर्महरु भयो ।

पछिल्ला केही वर्षदेखि हामीले पनि नेपालमा ठूलो स्केलको कफि खेतीमा हात हालेका छौं । ३ जिल्लामा सुरु गरिएको खेतीमा साराले स्वयमले पनि लगानी गरेकी छे । साराकै कारण आज हामी यो मुकाममा छौंभन्दा बढि नहोला । करिब ४५ वर्षकी सारा यतिखेर अमेरिकाको फ्लोरिडामा बस्छे । २ बच्चाकी आमा भैसकेकी सारा अहिले पति ओस्कारसँग मिलेर इको भन्ने प्रोजेक्ट चलाइरहेकी छे । विश्वका २५ वटा विकासोन्मुख मुलुकमा कृषिको प्राविधिक ज्ञान बाँडिरहेकी छे । त्यो २५वटा मुलकमा नेपाल पनि पर्छ । २१ वर्ष अघिकी सारा र अहिलेकी साराको आकार, रुप, रंगमा धेरै परिवर्तन देखिए पनि उसको नेपाल र हामीप्रति माया र सद्भाव पहिलाभन्दा झन् दरिलो छ । तर यो कथा पढिसकेपछि कतै भेट हुँदा कृपया त्यो ५० हजार डलरको कुरा नगरी दिन सबैलाई अनुरोध छ ।

*-समकालीन साहित्य डटकम*

---

जीवनी — किरण आचार्य

# देवकोटा नास्तिक होइनन्



नेपालको साहित्य जगतका एक अद्वितीय नक्षत्र महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित अत्यन्त सुन्दर र कालजयी कविता हो, 'यात्री' । २०१० मा प्रकाशित 'भिखारी' कविता संग्रहभित्र समेटिएको यो कविताले देवकोटालाई निकै विवादित पनि बनायो । साहित्यमा एउटा भनाइ छ - रचना र साहित्यकार जति धेरै विवादित हुन्छन्, त्यति नै चर्चित र लोकप्रिय हुन्छन् । यो कुरा कवि देवकोटामा शतप्रतिशत लागू भयो । 'यात्री' कविताको प्रकाशन हुने बित्तिकै तत्कालीन समालोचकहरूले उनलाई 'नास्तिक'को बिल्ला भिराइदिएका थिए । त्यो बिल्ला यति सशक्त थियो कि आजसम्म नास्तिक साहित्यकारकै रूपमा मानिन्छन् । यो त्यो बेलाको कुरा हो जतिखेर समाजमा कानून भनेको नै धर्म थियो अर्थात् राज्यमा धर्मकै बोलबाला हुने गथ्यो । त्यो समयमा कानून त्यति विकसित थिएन । अर्को शब्दमा भन्नुपर्दा कानूनको प्रादुर्भाव नै भएको थिएन ।

वास्तवमा आज हामीले जुन कानून शब्दको प्रयोग गर्छौं, त्यसलाई त्यतिबेला धर्म भन्ने गरिन्थ्यो । वैदिक सनातन संस्कृतिको मूल्य र मान्यता अनुरुप समाज, प्रभावकारी राज्य सञ्चालन एवं राज्य सञ्चालकका साथै जनतामा अनशासन कायम गर्ने र गराउने कार्य धर्मको थियो । समाज एवं राज्य व्यवस्था समेत धर्मद्वारा नै नियन्त्रित र सञ्चालित हुने गर्थे । कुनै कुरो दण्डनीय हो भनेर व्याख्या गर्न सहजीकरणका लागि 'यो कार्य पाप हो । यी यी कार्य धर्म हुन् । यसो गरेमा जीव ईश्वरद्वारा पुरस्कृत हुन्छन् र यी यी कार्य गरेमा दण्डित हुन्छन्' भन्ने मनोविज्ञान थियो । यस्तो अवस्थामा भगवान, मन्दिर आदिको विरुद्धमा केही बोल्नु भनेको ठूलो पापकर्म मानिन्थ्यो भने लेख्ने हिम्मत गर्नु त भयङ्कर नस्तिकताको परिचायक । सत्ययुगका ऋषि एवं देवगुरु थिए - बृहस्पति । उनले प्रादुर्भाव गरेको दर्शन हो, लोकायत दर्शन अर्थात् चार्वाक जसलाई नास्तिक दर्शन भनिन्छ । तत्कालीन विद्वानहरूले लोकायता दर्शनको यति विरोध गरे कि त्यसलाई नष्ट नै गरिदिए । जब कि त्यो अत्यन्त महत्त्वपूर्ण दर्शन थियो । चार्वाक दर्शनको कारणले आज राज्य सञ्चालनमा कर लिने र राष्ट्र नै सबैभन्दा महत्त्वपूर्ण हो भन्ने धारणाको विकास भएको हो । यो लोकायत दर्शनका मूल पाटो हो । त्यस्तो मनोवैज्ञानिक सामाजिक परिवेशमा एउटा ब्राह्मण परिवारमा जन्मिएको अत्यन्त विद्वान् व्यक्ति, देशकै प्रसिद्ध साहित्यकारले ईश्वरको मन्दिर नजान भनेर अर्थात मन्दिर र मूर्तिपूजाको विरोध गर्नु भनेको ठूलो ईश्वरविरोधी, धर्मविरोधी, क्रान्तिकारी र नास्तिक कार्य थियो । त्यसैले उनको यो यात्री कवितालाई तत्कालीन अवस्थामा चरम नास्तिकको रूपमा लिइएको थियो । उनी भन्छन्-

*कुन मन्दिरमा जान्छौ यात्री ?*
*कुन मन्दिरमा जाने हो ?*
*कुन सामग्री पूजा गर्ने*
*साथ कसोरी लाने हो ?*
*मानिसहरुको काँध चढी कुन देवपुरीमा जाने हो ?*

यी हरफहरूका कारण उनलाई मन्दिर र मूर्तिपूजाविरोधी मानियो । भारत प्रायद्वीपका केही राज्यमा सात सय वर्ष मुगल शासन थियो । त्यसपछि पालो आयो, इसाई ब्रिटिस शासनको । इस्ट इन्डिया कम्पनीले आफ्ना सामान बिक्री गर्न भारतका अनेक राज्यलाई गाँभ्दै गए र एउटा विशाल राष्ट्रको निर्माण गरे जसलाई उनीहरूले इन्डिया नामकरण गरे । यसरी एक हजार वर्षसम्म कहिले इस्लाम त कहिले इसाई धर्म र शासनबाट आक्रान्त भयो । यी सबै कारणले गर्दा भारतमा हिन्दू धर्मको विरोध व्यापकरूपमा भएको पाइन्छ । हिन्दू देवदेवीहरूलाई उपहासको रुपमा लिनु, मूर्तिपूजा, संस्कार आदिको विरोध गर्नु उनीहरूका नियोजित कार्य भएका थिए । त्यसैको परिणामस्वरूप मूर्तिपूजाको विरोधमा कबीरदास जस्ता साहित्यकारले समेत आफ्ना अभिव्यक्ति यसरी दिएका थिए -

*पाथर पूजे हरि मिले तो मैं पुजुं पहाड*
*ता ते से चक्की भली पिस खाए संसार ।*

अर्थात् पत्थर भन्नाले मूर्तिपूजा गरेर हरि अर्थात् ईश्वर प्राप्त हुने भए मैले पहाडको पूजा गर्छु । त्योभन्दा त जाँतो राम्रो, जसमा मान्छेले अन्न पिसेर खाने गर्छन् । अर्थात् बढी महत्त्वपूर्ण छ ।

यी कुराको प्रभाव नेपाली साहित्यमा पनि पर्नु स्वाभाविक हो । त्यो बेला नेपालमा विद्यालय र शिक्षाको अवस्था के थियो भनिरहनु परेन । शिक्षाका लागि होस् वा शिक्षकका लागि होस्, नेपाललाई इन्डियाकै सहयोग लिनुपर्ने बाध्यता थियो । त्यहाँ जे पढाइ हुने गर्थ्यो, स्वाभाविक छ उनीहरूले त्यही सिकेर आउने गर्थे र सिकाउने गर्थे । यसप्रकार हामी भन्न सक्छौं- देवकोटामा पनि इन्डियन साहित्यको प्रभाव परेको थियो जसबाट प्रभावित भएर उनले यो कविता लेखेर आफूलाई क्रान्तिकारी देखाउने प्रयत्न गरे ।

अब हामी उनका यी उद्धरणबारे मनन गरौं । मानव शरीरलाई उनी मन्दिरसित तुलना गर्छन् -

*हाडहरूका सुन्दर खम्बा*
*मांसपिण्डको दिवार*
*मस्तिष्कको सुनको छानो*
*इन्द्रियहरुको द्वार*
*नसा नदीका तरल तरङ्ग*
*मन्दिर आफू अपार ।*

जीवको शरीर नै मन्दिर हो । मस्तिष्करूपी सुनको छानो छ । हाडहरू खम्बाका रूपमा अवस्थित छन् । मांसपिण्डलाई उनी देवाल अर्थात् पर्खालका रूपमा लिन्छन् । नसाहरू नदीको रूपमा प्रवाहित छन् तसर्थ मानव देह नै एक मन्दिर हो ।

अबको उद्धरणमा उनको ईश्वरबारेका धारणा पनि हेरौं -

*साथी यात्री बीच सडकमा*
*ईश्वर हिँड्दछ साथ*
*चुम्दछ ईश्वर काम सुनौला*
*गरिरहेको हात*
*छुन्छ तिलस्मी करले उसले*
*सेवकहरूको माथ ।*

कवि देवकोटा भन्छन् - दु:खी र पीडितहरूको सेवा गर्नु नै ईश्वर प्रसन्न पार्ने उपाय हो । मानवसेवा र मानवता नै धर्म हो । ईश्वर पूजा हो । ईश्वर ब्रह्म हो । ऊ कहिले पनि भौतिक आँखामा सदृश हुन सक्दैन । त्यसैले मन्दिरमा वा तीर्थमा गएर ऊ भेटिँदैन न त ऊ मन्दिरमा नै निवास गर्छ । उसको निवास त प्रत्येक जीवमा छ । जीवको शरीर नै उनको मन्दिर हो । त्यसैले मानवसेवा एवं जीवसेवा नै ईश्वरको पूजा हो । उनी भन्छन् -

*फर्क फर्क हे जाऊ समाऊ मानिसहरुको पाउ*
*मलम लगाऊ आर्तहरूको चहराइरहेको घाउ*
*मानिसहरू भै ईश्वरको त्यो दिव्य मुहार हँसाऊ ।*
*सडक किनार गाउँछ ईश्वर चराहरूको तानमा*
*भुल्दछ ईश्वर मानिसहरुको पीडा र दु:खको गानामा*
*दर्शन किन्तु कहीं दिँदैन चरम चक्षुले कानमा ।*

यो कवितामा उनी अद्वैतवादको पक्षधर भएको मैले पाएकी छु । अद्वैतवादका प्रणेता दत्तात्रेय थिए । उनी तत्कालीन आफ्ना मामा कपिलमुनिको द्वैतवादका चरम विरोधी थिए । त्यसपछि अष्टावक्र पनि दत्तात्रेयको अर्थात् अद्वैतवादका चरम समर्थक थिए जुन कुरा उनले राजा जनकलाई दिएको शिक्षा र अष्टावक्र गीतामा उल्लेख छ । आदिगुरु शंकराचार्य पनि अद्वैतवादी थिए । कवि देवकोटामा पनि अद्वैतवादको प्रभाव परेको कुरा यो कविताले साबित गर्छ । उनी जीव नै ब्रह्म भएको कुराको समर्थक छन् । उनी 'अहम् ब्रह्मास्मि' अर्थात् म नै ब्रह्म हुँ भन्नाले जीव नै ब्रह्म हो । 'तत्त्व मसी' अर्थात् तँ नै म हुँ । भनेको अर्थ जीव नै ईश्वर वा ब्रह्म हो । दृश्य जीव मानवदेखि अन्य सबै प्राणी यहाँसम्म कि अदृश्य किटाणु समेत ब्रह्म हो । प्राणी मात्र ब्रह्म हो । ब्रह्म नै प्राणी हो । आत्माले यो भौतिक शरीर त्याग गरेपछि उनी परमात्मामा अर्थात् ईश्वर वा ब्रह्ममा लय हुन्छ ।

परमात्मा र आत्मा एक हुन् । यी कदापि अलग होइनन्, फरक छैनन् । यी दुईमा भेद छैन । उनको अनुसार ईश्वरलाई खुसी बनाउन प्राणीको सेवा गर्नु मानवको कर्तव्य हो । ईश्वरकै काँध चढेर ईश्वर खोज्दै तीर्थ-तीर्थ हिँड्नु भनेको नर कस्तूरीले आफ्नो नाभिमा रहेको बिनालाई वन-वनमा खोजेजस्तै हो ।


उनी अद्वैतवादका यिनै सिद्धान्तसित सम्बन्धित छन् । यसैमा आधारित भएर यो कविता लेखेका हुन् । निर्जीव मूर्तिमा ईश्वर वा ब्रह्मको निवास हुँदैन अर्थात् जीवको शरीर नै मन्दिर हो भनेर उनी सबैलाई स्मरण गराउँछन् । बरु प्रत्येक जीवमा ईश्वरको निवास छ भनेर भन्छन् । 'यात्री' कवितामा देवकोटालाई कुनै कोणबाट पनि नास्तिक भन्न सकिन्न । तत्कालीन समालोचकहरूले केका आधारमा नास्तिकताको तक्मा भिराए, उनीहरू नै जानून् ।

अर्को कुरा- नास्तिक भनेको वेदविरोधीलाई भनिन्छ । देवकोटा न वेदविरोधी थिए, न त ईश्वरविरोधी । उनी त ईश्वरका चरम समर्थक थिए । त्यही कुरालाई उनले आफ्नो कवितामा लेखेका थिए -

*न धर्म भो भक्ति न भो विवेक*
*आखिर श्री कृष्ण रहेछ एक ।*

*-साहित्यपोष्ट डटकम*

# काँग्रेस सभापति देउवासहितका नेता गुल्मी आउँदै



**गुल्मी** मंसिर १/नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा सहितका नेताहरु गुल्मी आउने भएका छन् । यही मंसिर ९ र १० गते तम्घासमा हुन लागेको नेपाली काँग्रेस गुल्मीको दोस्रो सम्मेलनलाई सम्बोधन गर्न सभापति देउवासहित वरिष्ठ नेता शेखर कोइराला, महामन्त्री द्वय गगन थापा र विश्वप्रकाश शर्मा गुल्मी आउन लागेका हुन् ।

सम्मेलनमा केन्द्रीय सदस्य चन्द्र भण्डारी र चन्द्र केसी पनि आउने काँग्रेस गुल्मी सचिवालयले जनाएको छ । सम्मेलनको तयारी तीव्र पारिएको पार्टी सचिव जगदीश भट्टराईले जानकारी दिए । उनका अनुसार काँग्रेसले पार्टीलाई सशक्त र क्रियाशील बनाएर अगाडि बढाउन सम्मेलन गर्न लागेको हो ।

सचिव भट्टराईले भने 'जिल्लाका ९३ वटै वडा र १२ वटै स्थानीय तहमा पार्टीको सम्मेलन सकेर जिल्ला सम्मेलन गर्न लागेका हौं ।' सम्मेलनलाई सफलताका साथ सम्पन्न गर्नका लागि विभिन्न उपसमितिहरुले कामलाई तिव्रता दिएका छन् । सम्मेलन दुई दिनसम्म सञ्चालन हुनेछ । पहिलो दिन उद्घाटन शत्र बृहत भेला तथा आमसभा र दोस्रो दिन बन्द शत्र पार्टीको सांगठनिक प्रतिवेदन प्रस्तुत, नेता कार्यकर्तालाई प्रशिक्षणसहित सांगठनिक भावी योजनाको बारेमा जानकारी गराइनेछ ।

## लुम्बिनीमा ३० करोड...

...शिलान्यास कार्यक्रममा रसियन राजदूत नोभिकोभले नेपाल र रसियाबीच मैत्री सम्बन्ध एवं संस्कृति आदान-प्रदान गर्ने उद्देश्यले बुद्धको जन्मभूमिमा रसियन गुम्बाको निर्माण सुरु गरिएको बताए । उनले शान्तिको सन्देश दिने बुद्धभूमि लुम्बिनीले नेपाल र रसियाबीचको सम्बन्ध थप प्रगाढ बनाउने पनि जानकारी गराए । रूस नेपाल मैत्री समाजका उपाध्यक्ष दीनानाथ राजभण्डारीले दुई देशबीच द्विपक्षीय सम्बन्ध थप सुदृढ गराउने यो प्रयासले संस्कृति संरक्षणका साथै बुद्धभूमि नेपालको पहिचान थप उजागर गर्ने उल्लेख गरे । रूसी बौद्ध समाजका अध्यक्ष अलेक भयासिलोले मन्दिर निर्माणले नेपाल संसारभर शान्तिको स्रोत राष्ट्र बन्नसक्ने बताए । लुम्बिनी विश्व विद्यालयका उपकुलपति डा. सुवर्णलाल ब्रजाचार्यले लुम्बिनीबाट प्रवाह हुने शान्तिको सन्देशलाई संसारभरका मानव जातिले महत्वका साथ हेर्ने बताए । नेपालका तर्फबाट रुसका लागि पूर्वराजदूत ऋषिराम घिमिरेले नेपाल र रसियाबीचको सम्बन्ध, आपसी सहयोग, सद्भाव र मैत्रीको प्रतिकका रुपमा रहेको बुद्ध भूमिको महत्व बढाउन यस कार्यले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गरे । लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले यस कार्यमा प्रवासी नेपालीहरूले समेत सहजीकरण गरेको जानकारी गराए । बुद्धको जन्मस्थान लुम्बिनीमा २७ देशहरूले आफ्नो देशको प्रतिनिधित्व हुने गरी मन्दिर तथा गुम्बाहरू निर्माण गरिसकेको उनको भनाइ थियो । लुम्बिनी विकास कोषका अनुसार ४० देश तथा संघसंस्थाले यहाँ संरचना निमार्णका लागि सम्झौता गरेका छन् । *-रासस*


## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं । धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


खेलकुद समाचार

## अर्जेन्टिना र ब्राजिल पराजित



**काठमाडौं,** मंसिर १/फिफा विश्वकप २०२६ अन्तर्गत दक्षिण अमेरिकी छनोटमा पूर्वविजेता अर्जेन्टिना र ब्राजिल पराजित भएका छन् । शुक्रवार बिहान घरेलु मैदानमा भएको खेलमा अर्जेन्टिना उरुग्वेसँग २-० गोलले पराजित भयो । उरुग्वेका लागि रोनाल्ड अराउजोले खेलको ४१ र डार्विन नुजेजले ८७ मिनेटमा गोल गरे ।

उरुग्वेसँग हारे पनि अर्जेन्टिना ५ खेलमा १२ अंकसहित तालिकाको शीर्ष स्थानमा छ । उरुग्वे उति नै खेलमा १० अंकसहित दोस्रो स्थानमा उक्लिएको छ । यस्तै शुक्रबार नै घरेलु मैदानमा भएको खेलमा ब्राजिल कोलम्बियासँग २-१ गोलले पराजित भयो । ब्राजिलले शुरुवाती गोल गर्दै अग्रता लिए पनि कोलम्बियाले उत्कृष्ट पुनरागमन गर्दै जित निकाल्यो । कोलम्बियाका लागि लुइस डियाजले खेलको ७५ र ७९ मिनेटमा गोल गरे । ब्राजिलका लागि खेलको ४ मिनेटमा गब्रेल मार्टीनेली गोल गरे । ब्राजिल ५ खेलमा ७ अंकसहित पाँचौं स्थानमा छ । कोलम्बिया उति नै खेलमा ९ अंकसहित तेस्रो स्थानमा उक्लिएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


अर्थ/कर्पोरेट समाचार

## बैंकले घटाए ब्याजदर



**पाल्पा,** मंसिर १/शुक्रबारदेखि वाणिज्य बैंकहरुको नयाँ ब्याजदर लागू भएको छ । बैंकहरुले मंसिर महिनाका लागि नयाँ ब्याजदर निर्धारण गरी लागू गरेका हुन् । वाणिज्य बैंकहरुमा अधिकांशले बैंकको ब्याजदर घटाएका छन् ।

बैंकिङ प्रणालीमा लगानी योग्य तरलता सहज अवस्थामा रहेको र कर्जाको माग निक्षेपमा भएको वृद्धिको तुलनामा न्यून हुँदा बैंकहरुले निक्षेपको ब्याजदर घटाएर लागत घटाउनमा केन्द्रित देखिएका हुन् । जसले गर्दा मंसिरका लागि निक्षेपको ब्याजदर प्रकाशित गर्दा २० मध्ये १४ वाणिज्य बैंकले ब्याजदर घटाएर प्रकाशित गरेका छन् । ५ वटा बैंकले कात्तिककै ब्याजदरलाई निरन्तरता दिंएका छन् । माछापुच्छ्रे बैंकले भने ब्याजदर बढाएको छ । साउनदेखि लगातार एकल अंक ९.९९ प्रतिशत रहेको बैंकको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर मंसिरमा आएर भने बढाएको हो । कात्तिकमा माछापुच्छ्रेले व्यक्तिगत निक्षेपतर्फ ९.९९ प्रतिशत र संस्थागततर्फ ७.४९ प्रतिशत ब्याजदर तोकेको थियो । तर मंसिरका लागि लागि भने बैंकले व्यक्तिगत र संस्थागततर्फ क्रमश: १०.६०३ प्रतिशत र ८.६०३ प्रतिशत कायम गरेको छ । उसले मंसिरमा वचतमा ५.६० देखि ८.६० प्रतिशत ब्याज दिने भएको छ । मंसिरका लागि व्यक्तिगत मुद्दती निक्षेपमा माछापुच्छ्रे बैंक सहित हिमालन बैंक, नेपाल एसविआई बैंकले सर्वाधिक १०.६०३ प्रतिशतसम्म ब्याजदर दिने भएका छन् ।

प्राइम कमर्सियल बैंकले १०.२५ प्रतिशतमा यथावत राख्दा कुमारी बैंकले १०.०१ प्रतिशत लक्ष्मी सनराइज बैंकले १० प्रतिशत र सिद्धार्थ बैंकले ९.९९ प्रतिशतमा व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर यथावत राखेका छन् । नेपाल बैंकले पनि ९.२२४ प्रतिशत कात्तिकमा रहेको ब्याजदरलाई नै मंसिरमा पनि निरन्तरता दिएको हो । कर्जा निक्षेप अनुपात (सीडी रेसियो) केही माथि रहेका बैंकहरुले ब्याजदर माथि राख्दा सहज अवस्थामा रहेको बैंकहरुले व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ९ प्रतिशत भन्दा तल पनि झारेका छन् । नेपाल राष्ट्र बैंकले बैंकहरुलाई ब्याजदर निर्धारण गर्ने आधारको रुपमा सोही वर्गको बैंकहहरुले अघिल्लो महिनाको अधिकतम ब्याजदरको औसत निकालेर त्यसको १० प्रतिशत मात्रै तलमाथि गर्नसक्ने व्यवस्था गरेको छ ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००२/१२/३०

स्वर्गारोहण
वि.सं. २०८०/०७/१९

**स्व.मीन बहादुर के.सी.**

नेपाल नेत्र ज्योति संघ पाल्पाको २०५४ देखि हालसम्म कार्य समिति सदस्य रहनुभएका, शैक्षिक, सामाजिक व्यक्तित्व, अत्यन्त सरल र मृदुभाषी **मीन बहादुर के.सी.**को मिति २०८०/०७/१९ गतेका दिन ७८ वर्षको उमेरमा भएको निधनले हामी स्तब्ध भएका छौं । उहाँको निधनले एक कर्मठ शिक्षा प्रेमी र समाजसेवी गुमाउनु परेको छ । यस दु:खद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने क्षमता प्रदान होस् भनी **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

डा.सुचन पुन — मे.सु.
एवं
बुद्धि प्रसाद शर्मा — सभापति

नेपाल नेत्र ज्योती संघ तथा
पाल्पा लायन्स लाकौल आँखा अस्पताल परिवार
तानसेन, पाल्पा


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई